**जनयुद्, जनआन्दोलन तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्पद्वपिडित तथा भुकम्पका घाईतेहरुको औषधी उपचार सेवा दिए वापत अस्पताललाई सेधभर्ना भुक्तानी सम्बन्धी दोस्रो वैठक ।**

"जनयुद्व जनआन्दोलन तथा मधेश/तराई अन्दोलनका घाईते, द्वन्द्वपिडित तथा भूकम्पका घाईतेहरुको औषधि उपचार सेवा दिए वापत अस्पतालहरुलाई सोधभर्ना कार्य संचालन कार्यविधि आ.ब २०७९/०८०" नेपाल सरकार, स्वाथ्य तथा जनसंख्या मन्त्रालय (मा. मन्त्रीस्तर) को मिति २०७९/०८/२६ को निर्णयबाट स्वीकृत भए बमोजिम सेवा प्रदायक अस्पताहरुलाई सोधभर्ना गर्ने सम्बन्धी रकमको माग नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा अन्तर्गत सामाजिक स्वास्थ्य सुरक्षा शाखामा प्राप्त भएको र उक्त माग रकमलाई रुजु एंव बिष्लेषण गरी भुक्तानी विवरण तयार पारी आवश्यक निर्णय गर्नका लागि आज मिति २०८० साल आषाढ २२ गते अपरान्ह ३:०० बजे स्वास्थ्य सेवा विभागका श्रीमान् महानिर्देशक डा. दिपेन्द्र रमण सिंहज्युको अध्यक्षतामा स्वास्थ्य सेवा बिभागमा तपसिल बमोजिमको उपस्थितिमा बसी देहाय बामोजिमको निर्णयहरु गरियो ।

**उपस्थितिः**

१. माहानिर्देशक, डा. दिपेन्द्र रमण सिंह
स्वास्थ्य सेवा विभाग

२. निर्देशक, हिरा कुमारी निरौला
नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा

३. ......................................
चिकित्सा सेवा, शिक्षा तथा अनुसन्धान शाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

४. प्र.ले.नि, श्री भुवन प्रसाद काफ्ले
आर्थिक प्रशासन शाखा, स्वास्थ्य सेवा विभाग

५. उप सचिव, श्री भवनाथ खतिवडा
स्वास्थ्य सेवा विभाग

६. प्रमुख डा. खगेश्वर गेलाल
सामाजिक स्वास्थ्य सुरक्षा शाखा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा

७. कानुन अधिकृत, श्री शम्भु निरौला
स्वास्थ्य सेवा विभाग

८. श्री शम्भु प्रसाद ढकाल, लेखा अधिकृत, आर्थिक प्रशासन शाखा

९. मेनुका मोक्तान, नर्सिङ्ग अधिकृत, सामाजिक स्वास्थ्य सुरक्षा शाखा

**प्रस्तावहरु**

जनयुद्व, जनआन्दोलन तथा मधेश/ तराई आन्दोलनका घाइते, द्वन्दपिडित तथा भुकम्पका घाईतेहरुको औषधि उपचार सेवा दिए वापतको अस्पतालहरुलाई सोधभर्ना सम्बन्धी कार्य संचालन कार्यविधि आ.ब.२०७९/८० स्वीकृत भए बमोजिम तीन वटा अस्पतालहरु (चि.वि.रा.प्र, वीर अस्पताल, महाबौद्व, काठमाण्डौ, राष्ट्रिय ट्रमा सेन्टर, महंकाल, काठमाण्डौ र भेरी अस्पताल, नेपालगञ्ज बाँके ) लाई सोधभर्ना भुक्तानी सम्बन्धमा ।

**निर्णयहरुः**

प्रस्ताव नं. १ माथि छलफल गर्दा जनयुद्व तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्वपिडित तथा भुकम्पका घाईतेहरुको औषधि उपचार सेवा दिए वापत अस्पतालहरुलाई सोधभर्ना सम्बन्धी कार्य संचालन कार्यविधि आ.ब.२०७९/०८० स्वीकृत भए बमोजिम (चि.वि.रा.प्र, वीर अस्पताल, महाबौद्व, काठमाण्डौ, राष्ट्रिय ट्रमा सेन्टर, महंकाल, काठमाण्डौ र भेरी अस्पताल, नेपालगञ्ज बाँके ) लाई तपसिलमा उल्लेख भए बमोजिमको जम्मा रकम रु ११,६९,२५८/- **(अक्षरुपि एघार लाख उनान्सत्तरी हजार दुई सय अन्ठाउन्न रुपैंया मात्र)** सोधभर्ना भुक्तानी दिने निर्णय गरियो ।

**तपशिलः**

| सि.न. | अस्पतालको नाम | जम्मा माग रकम | भुक्तानी सिफारिस रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | चि.वि.रा.प्र, वीर अस्पताल, महाबौद्व, काठमाण्डौ | ६,९४,५४०.६३ | ५,७९,३९० | |
| २ | राष्ट्रिय ट्रमा सेन्टर, महंकाल, काठमाण्डौ | ५,७४,३५३ | ५,६९,३०२ | |
| ३ | भेरी अस्पताल, नेपालगञ्ज बाँके | २०,५६६ | २०,५६६ | |
| | कूल जम्मा | १३,८९,४५९.६३ | ११,६९,२५८ | |

**(अक्षरुपि एघार लाख उनान्सत्तरी हजार दुई सय अन्ठाउन्न रुपीयाँ मात्र)**

**२. विविध :**

सेवा प्रदायक अस्पतालहरूलाई जनयुद्व तथा मधेश/तराई आन्दोलनका घाईते, द्वन्द्वपिडित तथा भुकम्पका घाईतेहरुको औषधि उपचार सेवा दिए वापतको सोधभर्ना माग गर्दा कर्यक्रमसंग सम्बन्धित निर्देशिका/कारयाविधिले माग गरेको बील भरपाई तथा कागजात बाहेकका अन्य कागजातहरु संलग्न नगर्न महाशाखाले सम्बन्धित अस्पतालहरुलाई जानकारी गराउने निर्णय गरियो।